# श्रीनगर गाउँ विकास समितिका कार्मारोङ् समुदायको जनसाङ्ख्यिक, आर्थिक एवं शैक्षिक अवस्था

**त्रिभुवन विश्वविद्यालय**

**शिक्षाशास्त्र संकाय, भूगोल शिक्षा विभाग, स्नातकोत्तर तह एम.एड. दोस्रो वर्षको आंशिक आवश्यकता परिपूर्तिका लागि तयार पारिएको शोधपत्र**

**प्रस्तुतकर्ता**

**कृष्णमुरारीप्रसाद भट्ट**

**भूगोल शिक्षा विभाग, त्रि.वि. कीर्तिपुर**

**परीक्षा रोल नं. २८१६४४**

**त्रि.वि. दर्ता नं. २१९९२-८५**

# सिफारिस पत्र

त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र केन्द्रीय विभाग अन्तर्गत भूगोल शिक्षा विभागको निर्धारित पाठ्यक्रम अनुसार स्नातकोत्तर तहको आंशिक आवश्यकता परिपूर्तिका लागि छात्र  कृष्णमुरारीप्रसाद भट्टद्वारा प्रस्तुत **श्रीनगर गाउँ विकास समितिका कार्मारोङ् समुदायको जनसाङ्ख्यिक, आर्थिक एवं शैक्षिक अवस्था** विषयक शोधपत्र मेरो निर्देशनमा तयार पारिएको हो । उक्त शोधपत्र अन्तिम मूल्याङ्कनका लागि सिफारिस गर्दछु ।

..........................................

प्रा.डा. दामोदर ज्ञवाली

शोध निर्देशक

मिति :२०७२/९/३०

# स्वीकृति पत्र

त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र संकाय अन्तर्गत भूगोल शिक्षा विषयको स्नातकोत्तर तहको उपाधि प्राप्तिका लागि कृष्णमुरारीप्रसाद भट्टद्वारा प्रस्तुत **श्रीनगर गाउँ विकास समितिका कार्मारोङ् समुदायको जनसाङ्ख्यिक, आर्थिक एवं शैक्षिक अवस्था** शीर्षकको शोधपत्र भूगोल शिक्षा विषयको स्नातकोत्तर तहको उपाधि प्राप्तिका लागि उचित ठहरिएकाले स्वीकृति प्रदान गरिएको छ ।

**शोधपत्र मूल्याङ्कन समिति**

**सह प्रा.डा. शिवप्रसाद रिजाल** ..........................

(विभागीय प्रमुख)

**प्रा.डा. दामोदर ज्ञवाली** ..........................

(शोधनिर्देशक)

**प्रा.डा. कविप्रसाद पोखेल** ..........................

(बाह्य परीक्षक)

मिति : २०७२/१०/५

# कृतज्ञता ज्ञापन

प्रस्तुत शोधपत्र आदरणीय गुरु प्रा. डा. दामोदर ज्ञवालीको कुशल निर्देशनमा तयार पारिएको हो । शोधपत्र तयार पार्ने क्रममा उहाँले सद्भावपूर्ण तरिकाले प्रदान गर्नु भएको सल्लाह एवं सहयोगप्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछु । यो शोधपत्रलाई छिटो छरितो गरी अगाडि बढाउन सल्लाह र महत्वपूर्ण सुझाव दिनुहुने भूगोल शिक्षा विभागमा प्राध्यापनरत श्री तेजप्रसाद सिग्देल प्रति विशेष कृतज्ञता ज्ञापन गर्दछु ।

त्यसै गरी शोध प्रस्ताव स्वीकृत गरी प्रस्तुत शीर्षकमा अध्ययन गर्ने सु-अवसर प्रदान गर्नुहुने भूगोल शिक्षा विभागका पूर्व विभागीय प्रमुख प्रा.डा. डिल्लीराज गौतम तथा विभागीय प्रमुख सह.प्रा.डा.शिवप्रसाद रिजाल प्रति सदा कृतज्ञ छु । शोधपत्र तयार पार्ने क्रममा आवश्यक सल्लाह दिनु हुने विभागकका अन्य प्राध्यापकज्यूहरू प्रति पनि कृतज्ञता ज्ञापन गर्दछु ।

त्यसै गरी तथ्याङ्क संकलनमा सहयोग गर्नुहुने मुगु जिल्लाका पूर्व सभासद् सोनम छेजुङ्ग लामा, भू.पू. उपसभापति छिरिङ्ग क्याप्ने लामा, गुरु श्याङ्ग्याप कार्मारोङ, मुकेश शाही, उपर मल्ल, दिलीप शाही, लोकेन्द्र बहादुर मल्ल, सोनम तोर्चे कार्मारोङ, साङमू लामा, छिरिङ्ग लामा, पासाङ लामू लामा तथा ढुवां साङमू लामालाई पनि विशेष धन्यवाद दिन चाहन्छु ।

साथै शोध कार्यका लागि आवश्यक तथ्याङ्क उपलब्ध गराउनुका निमित्त अन्तर्वार्ता सूची भरी सहयोग गर्नुहुने मुगु जिल्ला श्रीनगर गा.वि.स. मा बसोबास गर्ने कार्मारोङ् समुदायका उत्तरदाता प्रति कृतज्ञता ज्ञापन गर्दछु । त्यसै गरी शोधपत्र लेखन कार्यमा महत्वपूर्ण सहयोग पुऱ्याउने जीवन साथी पुनमदेवी भट्ट तथा छोराहरू रोशन तथा रविनकुमार भट्टलाई पनि धन्यवाद दिन चाहन्छु ।

अन्तमा यो शोधपत्रलाई कम्प्युटर टाइप गरी अन्तिम रूप दिन सहयोग गर्नु हुने कम्प्युटर अपरेटर श्री रामकृष्ण महर्जनज्यूलाई पनि धन्यवाद दिन चाहन्छु ।

कृष्णमुरारीप्रसाद भट्ट

# शोधसार

प्रस्तुत शोधकार्य मुगु जिल्लाको श्रीनगर क्षेत्रमा बसोबास गर्ने कार्मारोङ् समुदायको जनसाङ्ख्यिक, आर्थिक तथा शैक्षिक अवस्था सँग सम्बन्धित रहेकोछ । कार्मारोङ् समुदायको जनसाङ्ख्यिक तथा शैक्षिक अवस्थाको लेखाजोखा गर्ने एवं उनीहरूको पेसागत बनोट तथा आर्थिक स्थितिको विश्लेषण गर्ने उद्देश्यले यो शोधकार्य गरिएको छ ।

मुगु तथा जुम्ला जिल्लाका केही गा.वि.स.हरूमा कार्मारोङ् समुदायको बसोबास रहे तापनि यो अध्ययन मुगु जिल्लाको श्रीनगर गा.वि.स.को वडा नं ४ र ५ मा बसोबास गर्ने कार्मारोङ् समुदायको अध्ययनमा मात्र सीमित रहेकोछ । अध्ययनकर्ताको स्वविवेकमा मुगु जिल्लाको श्रीनगर गा.वि.स लाई अध्ययन क्षेत्रको रूपमा छनोट गरिएका थियो । श्रीनगर गा.वि.स. को वडा नं ४ र ५ मा गरी कार्मारोङ् समुदायका कुल ५८ घरधुरी रहेका छन् । ती सबै ५८ घरधुरी नै अध्ययनको जनसङ्ख्याको रूपमा लिइएको छ । मूलत प्राथमिक तथ्याङ्कमा आधारित रहेको यो अध्ययनमा आवश्यकता अनुसार द्वितीयक तथ्याङ्कको पनि प्रयोग गरिएको छ । यसरी प्राथमिक तथा द्वितीयक स्रोतबाट संकलन गरिएका तथ्याङ्कहरूलाई तालिकीकरण गरी व्याख्या र विश्लेषण गरिएको छ ।

श्रीनगर क्षेत्रमा बसोबास गर्ने कार्मारोङ्हरू मध्ये ५२.२२ प्रतिशत पुरुष र ४७.७८ प्रतिशत महिला रहेको, उमेर समुह अनुसार १०-१४ बर्ष उमेर समुहको सङ्ख्या सबै भन्दा बढी र ५५-५९ वर्ष उमेर समुहको सङ्ख्या सबै भन्दा कम रहेको, ५७.७७ प्रतिशत जनसङ्ख्या आर्थिक रूपले सक्रिय र ४२.२३ प्रतिशत जनसङ्ख्या आश्रित रहेको पाइयो । यो समुदायमा गुम्बा शिक्षा र विद्यालय शिक्षाको प्रचलन रहेता पनि उनीहरूको साक्षरता दर ४२.७६ प्रतिशत मात्र रहेको पाइन्छ । लैङ्गिक दृष्टिकोणबाट हेर्दा पुरुष सारक्षता दर ४९.९० प्रतिशत र महिला साक्षरता दर ३५.६२ प्रतिशत मात्र रहेको पाइन्छ । यो समुादयमा पढाइ लेखाइलाई भन्दा पनि व्यापार व्यवसायलाई बढी प्राथमिकता दिने गरेका कारण धेरैले पढाई बिचैमा छाड्ने गरेको पाइन्छ । यो समुदायको साक्षर जनसङ्ख्याको तहगत स्थितिलाई हेर्दा ४४.७१ प्रतिशतले प्राथमिक तह, २८.४८ प्रतिशतले माध्यमिक तहसम्मको शिक्षा हासिल गरेको पाइन्छ । यो समुदायमा स्नातक वा सो भन्दा माथिको शैक्षिक योग्यता हासिल गर्नेको संख्या ज्यादै न्यून (०.१८%) रहेको पाइन्छ । उनीहरूको मुख्य पेसा कृषि तथा पशुपालन भए तापनि पेसामा विस्तारै परिर्वतन आउदै गएको, अधिकाशं मानिसहरू व्यापार व्यवसायमा संग्लन भएको र व्यापारमा पनि तिब्बतबाट सामान ल्याई खसान क्षेत्रतिर सटही व्यापार, जडिबुटीको व्यापार तथा सदरमुकाम आसपास रहेकाहरूले जाँडरक्सी को व्यापार गर्ने गरेको पाइन्छ ।

सरकारी सेवामा यो समुदायको ज्यादै न्यून सहभागिता रहेको, जिविकोपार्जनका लागि ज्यालामजदुरी तथा वैदेशिक रोजगारमा समेत जाने गरेको पाइयो । कार्मारोङ समुदायको मुख्य पेशा कृषि तथा पशुपालन रहेको पाइन्छ । यो समुदायको ३६.०२ प्रतिशत मानिस कृषि तथा पशुपालनमा संलग्न भएको पाइन्छ । त्यसैगरी यो समुदायको ३९.८४ प्रतिशत परम्परागत पेसा तथा व्यवसायमा, १४.३१ प्रतिशतको जडिबुटी संकलन तथा विक्री र ६.७० प्रतिशतको व्यापार व्यवसाय मुख्य पेसा रहेको पाइन्छ । यो समुदायमा वैदेशिक रोजगार (१.८०%) तथा सरकारी सेवा (१.३%) संलग्न हुनेको सङ्ख्या भने ज्यादै न्यून रहको पाइन्छ । गुम्बा शिक्षा तथा स्कुल शिक्षाको प्रचलन रहे तापनि ठूलो सङ्ख्यामा कार्मारोङ्हरू निरक्षर रहेको, अधिकाशंले विद्यालय तहपछि पढाई छाड्ने र व्यापार व्यवसाय संग्लन हुने गरेको पाइन्छ । शिक्षालाई भन्दा पनि व्यापार व्यवसायलाई बढी प्राथमिकता दिने प्रचलन रहेका कारणले यो समुदायममा साक्षरता दर कम रहेको निश्कर्ष निकालिएको छ ।

आफ्नै भाषा, भेषभुषा, रहनसहन, मूल्य, मान्यता, संस्कार र संस्कृति रहेको यो समुदायलाई नेपाल सरकारले सीमान्तकृत हिमाली जातिको मान्यता दिनु पर्ने, आधुनिकताको प्रभाव उनीहरूमा पनि पर्दै गएकाले मौलिक पेसा, रहनसहन, भषभुषा तथा परम्पराको संरक्षणमा ध्यान दिनुपर्ने तथा अधिकांश कार्मारोङ्हरूको आर्थिक अवस्था कमजोर रहेकाले आर्थिक उर्पाजनको क्षेत्रमा उनीहरूलाई प्राथमिकता दिनुका साथै उनीहरूको साक्षरता दर अत्यन्त न्यून रहेकाले उनीहरूलाई साक्षर बनाउन उनीहरूको पहूँचमा विद्यालयको स्थापना गर्नु पर्ने र उच्च शिक्षा सम्म निःशुल्क शिक्षाको व्यवस्था गर्नु पर्ने कुरालाई सुझावको रूपमा प्रस्तुत गरिएको छ ।

# विषय सूची


**सिफारिस पत्र** **i**

**स्वीकृति पत्र** **ii**

**शोधसार** **iii**

**कृतज्ञता ज्ञापन** **v**

**विषय सूची** **vi**

**तालिका तथा चित्र सूची** **viii**

**अध्याय एक : परिचय** **१-६**

१.१ अध्ययनको पृष्ठभूमि १

१.२ समस्याको कथन २

१.३ अध्ययनको औचित्य ४

१.४ अध्ययनको उद्देश्य ५

१.५ अध्ययनका सीमाहरू ५

१.६ अध्ययन योजना ५

**अध्याय दुई : सन्दर्भ साहित्यको समिक्षा** **७-१६**

२.१ सैद्धान्तिक साहित्यको समिक्षा ७

२.२ कार्मारोङ् समुदाय लगायत जाति जनजाति सम्बन्धी स्थलगत अध्ययनको समिक्षा ११

२.३ समिक्षाको निष्कर्ष १६

**अध्याय तीन : अध्ययन विधि** **१७-१८**

३.१ अध्ययन क्षेत्रको छनोट १७

३.२ जनसङ्ख्याको छनोट १७

३.३ तथ्याङ्कको स्रोत १७

३.४ तथ्याङ्क संकलनका साधनहरू १८

३.५ तथ्याङ्क संकलन प्रक्रिया १८

३.६ तथ्याङ्कको व्याख्या र विश्लेषण १८

**अध्याय चार : अध्ययन क्षेत्रको परिचय** **१९-२५**

४.१ अध्ययन क्षेत्रको अवस्थिति, सिमाना र क्षेत्रफल १९

४.२ भू-आकृति तथा धरातलीय स्वरूप २१

४.२.१ धरातलीय स्वरूप २१
४.२.२ वनस्पति २२
४.२.३ हावापानी २२
४.२.४ माटो २३
४.२.५ जलस्रोत (नदी तथा ताल तलैया) २३
४.२.६ भू-उपयोग २३
४.३ सामाजिक तथा सांस्कृतिक अवस्था २४
**अध्याय पाँच : कार्मारोङ् समुदायको जनसाङ्ख्यिक, आर्थिक एवं शैक्षिक अवस्था २६-५१**
**५.१ जनसाङ्ख्यिक अवस्था २६**
५.१.१ जनसङ्ख्याको आकार तथा घरधुरी विवरण २६
५.१.२ लिङ्ग तथा उमेर समूह अनुसार जनसङ्ख्याको विवरण २७
५.१.३ जनसङ्ख्याको जातिगत विवरण ३१
५.१.४ भाषा अनुसार जनसङ्ख्याको विवरण ३३
५.१.५ आर्थिक रूपले सक्रिय जनसङ्ख्या ३४
५.१.६ जनसङ्ख्याको आश्रित भार ३६
**५.२ आर्थिक अवस्था ३७**
५.२.१ पेसागत विवरण ३७
५.२.२ वैदेशिक रोजगार ४१
५.२.३ आम्दानीको स्रोत ४२
५.२.४ खाद्यान्न पर्याप्तताको स्थिति ४३
**५.३ शैक्षिक अवस्था ४४**
५.३.१ साक्षरता दर ४४
५.३.२ तहगत शैक्षिक अवस्था ४५
**अध्याय छ : सारांश, निष्कर्ष र सुझाव ४८-**
६.१ सारांश ४८
६.२ निष्कर्ष तथा सुझाव ५०
**सन्दर्भ सूची ५२-५५**
**अनुसुची ५६-६९**

# तालिका, चित्र तथा नक्साहरूको सूची

## तालिकाहरूको सूची


| तालिका नं. | शीर्षक | पेज नं. |
|---|---|---|
| ४.२.६ : | श्रीनगर गा.वि.स को भू-उपयोग सम्बन्धि विवरण | २४ |
| ५.१.१ : | जनसङ्ख्या तथा घरधुरी विवरण | २६ |
| ५.१.२ : | उमेर समूह अनुसार जनसङ्ख्याको विवरण | २८ |
| ५.१.२: | जनसङ्ख्याको लैङ्गिक विवरण | ३० |
| ५.१.३ : | जनसङ्ख्याको जाति/जातिगत विवरण | ३२ |
| ५.१.४ : | मातृभाषा अनुसार जनसङ्ख्याको विवरण | ३४ |
| ५.१.५ : | आर्थिक रूपले सक्रिय जनसङ्ख्याको विवरण | ३५ |
| ५.१.६ : | जनसङ्ख्याको आश्रित भार | ३६ |
| ५.२.१ : | पेशागत विवरण | ३८ |
| ५.२.२ : | वैदेशिक रोजगार सम्बन्धी विवरण | ४१ |
| ५.२.३ : | आम्दानीको स्रोत सम्बन्धी विवरण | ४२ |
| ५.२.४ : | खाद्यान्न पर्याप्तताको स्थिति | ४४ |
| ५.३.१ : | साक्षरता दर सम्बन्धी विवरण | ४४ |
| ५.३.२ : | तहगत शैक्षिक अवस्था | ४६ |


## नक्सा तथा चित्रहरूको सूची


| नक्सा नं. | शीर्षक | पेज नं. |
|---|---|---|
| मान चित्र ४.१ : | श्रीनगर गा.वि.स. | २० |

**चित्र नं.**

| | | |
|---|---|---|
| ५.१.५ | आर्थिक रूपले सक्रिय जनसङ्ख्या | ३६ |
| ५.१.६ | जनसङ्ख्याको आश्रित भार | ३७ |
| ५.२.१ | कार्मारोङ समुदायको पेसागत विवरण | ३९ |
| ५.२.२ | वैदेशिक रोजगार सम्बन्धी विवरण | ४२ |
| ५.२.३ | आम्दानीको मुख्य स्रोत | ४५ |
| ५.३.१ | साक्षरता विवरण | ४५ |
| ५.३.२ | तहगत शैक्षिक विवरण | ४७ |